म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ११९ सोमबार, २९ मंसिर २०८२ ने. सं. ११४६ थिंलागा 15 December 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## राक्सिराङकी गोले गाँजासहित पक्राउ

हेटौंडा, २८ मंसिर/मकवानपुर प्रहरीले लागुऔषध गाँजासहित एक महिलालाई पक्राउ गरेको छ । राक्सिराङ गाउँपालिका-१ बस्ने ४५ वर्षीया लक्ष्मीमाया गोलेलाई २२ किलो ६ सय ग्राम लागुऔषध गाँजा सहित प्रहरीले पक्राउ गरेको हो ।

हेटौंडा-३ स्थित पूर्वपश्चिम सडकखण्डको चेकजाँच क्रममा मकवानपुरबाट चितवनतर्फ जाँदै गरेको शंकास्पद सवारीसाधन तथा यात्रु चेकजाँच गर्दा गोलेको साथबाट यो परिमाणको गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता पुष्कर बोगटीले जानकारी दिए ।

उनका अनुसार जिल्ला अदालत मकवानपुरबाट लागूऔषध कसुर मुद्दामा म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको छ ।

### स्थानीय तहका लागि नमुना कानुन:

# प्रतिफलको पुस्ट्याइँ सहित बजेट बनाउनुपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ स्थानीय तहले अबदेखि गाउँपालिका र नगरपालिकाको प्राथमिकता र लक्ष्यको प्रतिफल प्राप्त हुनेगरी पुस्ट्याइँ गरेरमात्र नीति, कार्यक्रम र बजेट निर्माण गर्नुपर्ने भएको छ ।

आवश्यक नीति, कानुन, खर्च मापदण्ड तथा सामाजिक कार्यक्रमका लागि गाउँ र नगर कार्यपालिकाको प्राथमिकता लक्ष्य तथा प्रतिफल प्राप्त हुने विवरण सहितको पुस्ट्याइँ पेस भएपछि मात्र नीति, कार्यक्रम र बजेट निर्माण गर्नुपर्ने छ । उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिमा कानुनी र व्यावहारिक आधारसहितको पुस्ट्याइँ गरेपछि मात्र बजेट निर्माण गर्नुपर्ने छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नमुना कानुन निर्माण गरी ७५३ वटै स्थानीय तहलाई पठाएको छ । त्यही नमुना कानुनमा उक्त व्यवस्थाको प्रस्ताव गरिएको हो ।




यसअगाडि भने स्थानीय तहमा हचुवाका भरमा नीति कार्यक्रम र बजेट निर्माण गर्दा कार्यान्वयनमा जटिलता आउनुका साथै स्रोतको सुनिश्चिततामा अन्योल हुँदै आएको थियो । स्थानीय तहले बनाउँदै आएका बजेटको विधि र प्रक्रियामाथि नै महालेखापरीक्षकको कार्यालयले प्रश्न उठाउने गरेको थियो । आगामी दिनमा स्थानीय तहको बजेट निर्माणको विधि र प्रक्रिया स्पष्ट हुने, अनावश्यक कार्यक्रम र योजना नभई आवश्यकता र औचित्यका आधारमा मात्र कार्यक्रम निर्माण भई कार्यान्वयन हुने गरी नमुना कानुन निर्माण गरिएको छ । मन्त्रालयका सहसचिव प्रकाश दाहालले स्थानीय तहलाई आर्थिक अनुशासनमा बाँध्नका लागि मन्त्रालयले आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्वसम्बन्धी नमुना कानुन निर्माण गरी स्थानीय तहलाई पठाएको बताए ।

चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि बजेट प्रस्ताव गर्दा त्यस्तो खर्च सिर्जना गर्ने स्पष्ट आधार र कारणसहित प्रस्तावित रकमको पुस्ट्याइँ गर्ने, आवश्यक नीति, कानुन, खर्च मापदण्ड तथा सामाजिक कार्यक्रमका लागि गाउँ र नगर कार्यपालिकाको प्राथमिकता लक्ष्य तथा प्रतिफल प्राप्त हुने विवरणसहितको पुस्ट्याइँ पेस गर्नुपर्ने छ ।

त्यस्तै नयाँ योजना तथा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा पुँजीगत प्रकृतिको भए स्वीकृत सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा आगामी वर्ष खर्च हुनसक्ने प्राविधिक र आर्थिक पुस्ट्याइँसहित प्रस्ताव गर्नुपर्ने उल्लेख गरिएको छ ।

सम्भाव्यता अध्ययन भई स्वीकृत भइसकेका तथा क्रमागतरुपमा कार्यान्वयनमा रहेका आयोजनाका हकमा स्वीकृतिको प्रमाण, खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तथा सम्झौताअनुरुप आगामी वर्षको कार्ययोजना तथा प्रतिफल प्राप्तिका लागि आवश्यक पर्ने रकम प्रस्ताव गर्नुपर्ने व्यवस्था गरिएको छ । सहसचिव दाहालले भने, 'मन्त्रालयले तयार गरी स्थानीय तहलाई पठाइएको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नमुना कानुनलाई गाउँ र नगर सभाले आवश्यक परिमार्जन गर्दै पारित गरी कार्यान्वयनमा ल्याउन सक्ने छन् ।'

बजेट तथा कार्यक्रम तर्जुमा समितिमा गाउँपालिकामा उपाध्यक्ष र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा विषयगत क्षेत्र हेर्ने कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन महाशाखाप्रमुख, योजना महाशाखा प्रमुख सदस्यसचिव रहने व्यवस्था छ । नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नमुना कानुनले स्थानीय तहलाई वार्षिक नीति, कार्यक्रम र बजेट निर्माणमा थप सहज हुने बताएका छन् ।

नेपाल नगरपालिका संघका अध्यक्ष एवं धादिङको नीलकण्ठ नगरपालिका प्रमुख भीमप्रसाद ढुंगानाले मन्त्रालयले बनाएको नमुना कानुनले स्थानीय तहलाई बजेट निर्माणमा देखिएका समस्या र चुनौतीको समाधान हुने भएकाले यो कानुनलाई सबै स्थानीय तहले छलफल गरेर कार्यान्वयनमा ल्याउने बताए । स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने नमुना कानुनमा व्यवस्था गरेको छ । जसअनुसार कार्यपालिकाले प्रत्येक आर्थिक वर्षमा तीनवर्ष अवधिको खर्चको प्रक्षेपणसहितको संरचना सभामा पेस गर्नुपर्ने छ ।

बजेट तर्जुमा प्रक्रियालाई थप समावेशी बनाउन वडा समितिले टोल तथा बस्ती विभाजन गरी सहभागितामूलक छलफलबाट कार्यक्रमको विवरण तयार गर्नुपर्ने छ । यसमा महिला, बालबालिका, अपांगता भएका व्यक्ति, पिछडिएका वर्ग, युवा, ज्येष्ठनागरिक, निजी क्षेत्र र समुदायमा आधारित संस्थाका प्रतिनिधिसमेतको सहभागिता सुनिश्चित गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

# करवक्यौता चुलिँदै: ९५ अर्ब रुपैयाँ कर उठेन




साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ पछिल्ला वर्षहरुमा उठ्न बाँकी कर वक्यौता चुलिन थालेको छ । आन्तरिक राजश्व विभागकाअनुसार प्रत्येक वर्षजसो बढिरहेको वक्यौता आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्ममा ब्याज, थपदस्तुर र विलम्व शुल्कसहित उठ्न बाँकी त्यस्तो रकम ९४ अर्ब ९५ करोड पुगेको हो ।

पछिल्लो समय कर कार्यालयहरुले निर्धारण गरेको रकम करदाताले चित्त बुझाउन छाडेका छन् भने करदाताले चित्त नबुझाउँदा उठ्न बाँकी कररकम पनि अर्बौं छ । विभागकाअनुसार कर कार्यालयबाट भएको कर निर्धारणप्रति करदाताले चित्त नबुझाई आन्तरिक राजश्व विभागमा प्रशासकीय पुनरावलोकनमा रहेको तथा अन्य न्यायिक निकायमा अपिलमा रहेको विवादित रकम १ खर्ब ८० अर्ब १० करोड रहेको पुगेको छ । अघिल्लो बर्षमा वक्यौता संकलनतर्फ आयकरमा २२ अर्ब ७६ करोड लक्ष्य तोकिएकोमा ८ अर्ब ७१ करोड असुली भएको छ ।

यो प्रगति लक्ष्यको ३८.२९ प्रतिशत हो भने मूल्यअभिबृद्धि करतर्फ १६ अर्ब ३३ करोड लक्ष्य रहेकोमा १० अर्ब ३३ करोड असुली गरिएको छ । जुन लक्ष्यको ६३.२८ प्रतिशत हो । वक्यौता समायोजनतर्फ आयकरमा २७ अर्ब ३८ करोड लक्ष्य रहेकोमा २१ अर्ब ३९ करोड उठेको छ । जुन प्रगति लक्ष्यको ७८.१ प्रतिशत हो भने मूल्यअभिवृद्धि करतर्फ भने १८ अर्ब १७ करोड लक्ष्य रहेकोमा २२ अर्ब २९ करोड समायोजन भई १२२.६३ प्रतिशत प्रगति भएको आन्तरीक राजस्व विभागले जनाएको छ ।

कानूनी कारवाहीमार्फत असुलगर्ने लक्ष्य ४ अर्ब ३९ करोड तोकिएकोमा अघिल्लो आर्थिक वर्षमा १ अर्ब ७९ करोड मात्र असुली भएको छ । जुन लक्ष्यको तुलनामा ४०.७७ प्रतिशत प्रगति हो । नेपालमा व्यवसाय, रोजगारी तथा लगानीबाट करयोग्य आयआर्जन गर्ने व्यक्तिले आयकर ऐन, २०५८ को दफा ९६ अनुसार स्वयं घोषणा गरी तोकिएको समयभित्र आयविवरण पेश गर्नुपर्ने कानूनी व्यवस्था छ । विवरण अनुसारको कर समयमै दाखिला नभएमा, कर परीक्षण तथा अनुसन्धानबाट करनिर्धारण भएमा वा अन्य कुनै कारणले आन्तरिक राजस्व कार्यालयबाट निर्धारण भएका आयकर, मूल्यअभिवृद्धि कर, अन्त:शुल्क तथा साविकका अन्य कररकम तोकिएको समयभित्र बुझाउन नसक्दा ती रकम वक्यौता कायम हुने गर्दछ ।

यसरी कायम भएको वक्यौताको अभिलेख राख्ने, मासिक तथा वार्षिक कार्यालयगत बक्यौता संकलन लक्ष्य निर्धारण गर्ने, वक्यौता संकलन रणनीति तयार गर्ने, प्रगति अनुगमन गर्ने तथा कार्यालयबाट उठेका बक्यौतासम्बन्धी जिज्ञासामा स्पष्टता दिने कार्य आन्तरिक राजश्व विभागको वक्यौता शाखाले गर्दै आएको छ ।

# दिव्यतारा सहकारीको राईगाउँमा सेवाकेन्द्र सभा सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, हेटौंडाको बागमती गाउँपालिकास्थित सदस्य सेवाकेन्द्रको एकाईसभा सम्पन्न भएको छ ।

बागमती गाउँपालिका वडा नं. २ स्थित राईगाउँमा सातौं वार्षिक एकाइसभा सम्पन्न भएको हो । सदस्य सेवा केन्द्रको सातौं वार्षिक एकाईसभाको उद्घाटन गर्दै दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका संस्थापक सदस्य आनन्दराम पराजुलीले ससाना बचत संकलन गरी सापटी र सहयोग आदान प्रदान उद्देश्यले स्थापना गरिएको सहकारीले सबैको प्रयास र मेहनतमा आजको यो स्वरुप पाएको भन्दै सहकारीबाट लिने र दिने सेवालाई प्रभावकारी बनाउन शेयर सदस्यहरु नै महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

उनले लिएको ऋण आयआर्जनमा लगाउन र समयमा चुक्ता गर्ने बानीको विकासले बचतकर्तासँगै सहकारीको दिगोपनामा सहयोग पुग्ने बताए । संस्थाका सचिव ईश्वर पण्डितले नियमित बचत आवश्यक भएको भन्दै ऋण लिएकाहरुले स्वअनुशासनमा बसेर समयमा सावाँव्याज भुक्तानीले शेयरसदस्य र सहकारी दुवै समस्यामा नपर्ने बताए । उनले गाउँघरमा ससाना बचतसँगै समस्या पर्दा ऋण सापटी लिनदिन ग्रामीण क्षेत्रलाई लक्षित गरी संस्थाको सेवाकेन्द्र स्थापना गरिएको बताए ।

कार्यक्रममा संस्थाका सहायक व्यवस्थापक ईश्वरी शिल्पकार, सदस्य सेवाकेन्द्र बागमती गाउँपालिका संयोजक छविलाल बोम्जन र सेवाकेन्द्रका सदस्य ज्ञानबहादुर राईले संस्थाको गतिविधिसँगै संस्थाले खुत्रुके बचत, मासिक बचतलगायतका सेवा प्रदान गर्दै आएको जानकारी दिए । कार्यक्रममा नियमित बचतकर्ता, समयमा नियमित सावाँव्याज बुझाउने ऋणीलगायतलाई सम्मान गरिएको थियो ।

गत आर्थिक वर्ष २०८१/८२ को असार मसान्तसम्ममा ५८५ शेयर सदस्य रहेको यो सेवाकेन्द्रबाट यो अवधिका ऋणी सदस्य संख्या ८३ जना रहेको, शेयर ४५ लाख छ हजार पाँच सय, बचत एक करोड १९ लाख ४४ हजार १७२ रुपैयाँ र मुनाफा ३८ लाख ७७ हजार ११० रुपैयाँ रहेको जानकारी गराइएको थियो ।

# युनिकम नेपाल मकवानपुरको नेतृत्व थापालाई



साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ नेपाल व्यापार कर्मचारी संघ (युनिकम नेपाल) मकवानपुरको नेतृत्व भीमबहादुर थापाले सम्हाल्ने भएका छन् ।

संघको १२ औं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेसनबाट अध्यक्षको जिम्मेवारी थापालाई दिइएको हो । सभाले थापाको अध्यक्षतामा नयाँ समिति गठन गरेको हो । संघको उपाध्यक्षमा सुशील पौडेल, महिला उपाध्यक्षमा रजिना लामा, महासचिवमा सन्तोष चौलागाई, सचिवमा सपना बराल, कोषाध्यक्षमा माधव सुवेदी चयन भएका छन् ।

यसैगरी, समितिको सदस्यमा क्रमश: सन्तोष पौडेल, राजेन्द्र कुईकेल, अम्बिका चालिसे, दीया क्षेत्री, संचिता रिजाल, तेजनाथ कोइराला (विपिन), अनिल खड्का, सपना राई, सम्झना नेपाल, किरण महतो, कमल तिमल्सिना चयन भएका छन् ।

संघका अध्यक्ष लेखनाथ गैह्रेको सभाध्यक्षता तथा युनिकम नेपालका केन्द्रीय वरिष्ठउपाध्यक्ष रविन भुषालको प्रमुख आतिथ्यतामा साधारणसभा सम्पन्न भएको हो । कार्यक्रममा नेपाल वितरक महासंघका केन्द्रीय सल्लाहकार विजयकुमार श्रेष्ठ, युनिकम नेपालका सल्लाहकार दामोदर पाठक, मउवा संघका सदस्य भुपेन्द्र अधिकारी, युनिकम नेपालका अर्गनाइजर रमेश तिमल्सिनालगायतको आतिथ्यता थियो ।

व्यापारिकक्षेत्रमा काम गर्ने कर्मचारीको साझा संस्थाको रुपमा रहेको युनिकम नेपालले बनभोज कार्यक्रमसहित सभा र अधिवेसन गरिएको अध्यक्ष गैह्रेले जानकारी दिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# २० विद्यार्थीका लागि विद्यालय

शैक्षिक गुणस्तर सुधार र स्रोतसाधनको उचित व्यवस्थापनका लागि विद्यार्थी संख्या कम भएका सामुदायिक विद्यालय समायोजन (मर्ज) गर्ने कार्य स्थानीय तहले गर्न सकेका छैनन् । विद्यालय समायोजन गर्ने विषय पेचिलो हुनुको मुख्य कारण भनेको टोलबासीबीचमा जुँगाको लडाईं हो । भौगोलिकरुपमा दुर्गमक्षेत्रमा विद्यार्थी संख्या कम हुनु सामान्य मानिए पनि आवश्यक भौतिक पूर्वाधार, सडक सुविधा, खेलमैदान तथा खाजाको व्यवस्थासहित सहज पहुँच भएका विद्यालयमै विद्यार्थी संख्या न्यून हुनु चिन्ताको विषय बनेको छ । विद्यालय समायोजन तथा सहजिकरण कार्यक्रम कार्यविधि-२०७७ र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले दिएको अधिकारका आधारमा स्थानीय तहले विद्यार्थी संख्या, भौगोलिक दूरी र शिक्षक-विद्यार्थी अनुपातलाई मुख्य मानक बनाएर विद्यालय गाभ्ने कार्य गर्दै आएका छन् । गत आर्थिक वर्षदेखि चालू वर्षसम्म मकवानपुरका १० स्थानीय तहमध्ये ७ वटा स्थानीय तहमा १५ वटा विद्यालय मर्ज भइसकेका छन् । हेटौंडा-१६ स्थित त्रिभुवन मावि, जनप्रिय माविमा समायोजन गरिएको छ । थाहा नगरपालिकामा रहेको गणेश प्रावि बज्रवाराही माविमा मर्ज गरिएको छ । त्यस्तै, मकवानपुरगढी गाउँपालिकामा ३, कैलाश गाउँपालिकामा ५, इन्द्रसरोवर गाउँपालिकामा १, राक्सिराङ गाउँपालिकामा २ विद्यालय समायोजन गरिएको छ ।

बकैया गाउँपालिकामा २ विद्यालय कक्षा घटुवा गरिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले जनाएको छ । दुई वा दुई भन्दा बढी विद्यालय आपसमा समायोजन भई विद्यार्थीलाई पायक पर्ने स्थानमा विद्यालय सञ्चालन हुनपर्ने, यसरी गाभिएका विद्यालयमा स्थानीय तहबाट विद्यार्थी संख्याको अनुपातमा विषयगत शिक्षकको व्यवस्था गरेको हुनुपर्ने, विद्यालय सञ्चालनको लागि आवश्यक जग्गा विद्यालयको आफ्नै नाममा भएको वा भोगाधिकार प्राप्त भएको हुनुपर्ने, यसरी गाभिएर सञ्चालन हुने विद्यालयमा तोकिएको न्यूनतम भौतिक पूर्वाधार (भवन, खेलमैदान, कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय, शौचालय, खानेपानी आदि) व्यवस्था भएको हुनुपर्ने छ । भविष्यमा आवश्यक संरचना विस्तार गर्ने पर्याप्त ठाउँ भएको हुनपर्ने, यातायात सुविधाको पहुँच भएको विद्यालयको हकमा बालबालिकालाई ल्याउन र लान सवारीसाधन उपलब्ध हुनुपर्ने वा यातायात सुविधाको लागि हालसम्म सवारीसाधन खरिद नगरेका विद्यालयका लागि साझेदारीमा सवारीसाधन खरिदका लागि स्थानीय तहले कम्तिमा ५० प्रतिशत रकम योगदान गर्नुपर्नेछ । इकाईकी सूचनाअधिकारी उन्नती ढकालका अनुसार जिल्लाभर २० भन्दा कम विद्यार्थी रहेका विद्यालय ६४ वटा रहेका छन् । हेटौंडा उपमहानगरपालिका भित्रका ९ वटा आधारभूत विद्यालयमा ५० भन्दा कम विद्यार्थी रहेका छन् । जिल्लाभर सयभन्दा कम विद्यार्थी भएका विद्यालयको संख्या २ सय ७४ रहेको सूचना अधिकारी ढकालले जानकारी दिइन् । मकवानपुरका ४ सय २९ सामुदायिक विद्यालयमा हाल ७८ हजार ३८ जना विद्यार्थी अध्ययनरत छन् । यिनलाई पढाउन दरबन्दी तथा राहतसहित ३ हजार ३ सय ३८ जना शिक्षक कार्यरत छन् ।

सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ मा विद्यालय आवातजावत गर्न लाग्ने समय, विद्यार्थी संख्या, जनसंख्या, विद्यालयको स्तरवृद्धि, माध्यमिक तहमा ठूला विद्यालय सञ्चालन, आवासीय विद्यालय सञ्चालन, नमूना विद्यालय विकास, विद्यालय नक्शाकंनका आधारमा विद्यालय समायोजन एवं एकीकरण गर्न सकिने व्यवस्था गरिएको छ । कार्यविधिअनुसार विद्यालय समायोजन भई एउटै विद्यालयमा गाभिन गएको अवस्थामा समायोजन भएपछि बन्ने विद्यालयको साविक विद्यालय व्यवस्थापन समितिले नै निरन्तर रुपमा कार्य गर्नेछ । समायोजनकै कारण समायोजनपश्चात नयाँ विद्यालय व्यवस्थापन समिति गठन हुनेछैन । यसैगरी एउटै विद्यालयमा कायम हुन गएको अवस्थामा समायोजनपछि बन्ने विद्यालयको प्रधानाध्यापकले नै प्रधानाध्यापकको जिम्मेवारी निरन्तररुपमा वहन गर्नेछ । तर, विद्यालयको तह वा स्तरवृद्धि हुने गरी विद्यालय समायोजन भएको अवस्थामा विद्यमान प्रधानाध्यापक शिक्षा ऐन तथा नियमावली र स्थानीय तहको शिक्षा ऐन तथा नियमावली वा कायदिशअनुसारको योग्यता र अनुभव नहुने अवस्था सिर्जना भएमा प्रचलित कानूनबमोजिम नयाँ प्रधानाध्यापक छनोट गरी कार्य जिम्मेवारी प्रदान गरिनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ पुस १ गते मंगलबार १६ डिसेम्बर २०२५ । द्वादशी, पौष कृष्णपक्ष । थिंलागा ११४६ ने.सं. । सूर्योदय ६:४९ सूर्यास्त ५:०९ । राष्ट्रिय झण्डा दिवस । पौष संक्रान्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक सन्तोष हुनेछ | तुला | : अधुरा काम सम्पन्न हुनेछ |
| वृष | : धन प्राप्ति हुनेछ | वृश्चिक | : सवारी साधनबाट क्षति हुन सक्नेछ |
| मिथुन | : व्यापारमा नयाँ योजना बन्नेछ | धनु | : रिसाउने बानीले काम बिग्रनेछ |
| कर्कट | : कठिनाई कम हुनेछ | मकर | : नोकरीबाट असन्तोष बढ्नेछ |
| सिंह | : साथीभाइमा मनमुटाव हुनेछ | कुम्भ | : सोचेर अगाडि बढ्नुपर्ने देखिन्छ |
| कन्या | : नयाँ काम समय देखिन्छ | मीन | : धार्मिक कार्यबाट प्रगति हुनेछ |

# के नेपालमा पनि अनलाइन वा डिस्ट्यान्ट भोटिङ सम्भव छ ?



डा. अभिजित गुप्ता



नेपालबाट लाखौं युवा रोजगार, अध्ययन र व्यवसायका लागि विदेशमा छन् । उनीहरू नेपालको अर्थतन्त्रका प्रमुख आधार रोजगारी, सीप र रेमिट्यान्स (विप्रेषण) का वाहक हुन् । तर विडम्बना के छ भने उनीहरूलाई आफ्नो देशको सरकार छान्ने मताधिकार व्यवहार त: उपभोग गर्न अझै सकिएको छैन । आजको डिजिटल युगमा जब विश्वका धेरै मुलुकहरूले रिमोट भोटिङ, हुलाक भोटिङ वा अनलाइन भोटिङ अपनाइसकेका छन् । नेपाल किन पछि परिरहेको छ ? यो प्रश्नमाथि राष्ट्रिय बहसको आवश्यकता छ ।

**संविधानले के भन्छ ?**

नेपालको संविधान २०७२ को धारा १६ (मौलिक हक) ले नागरिकलाई समानता र स्वतन्त्रतासहित राज्यका सेवामा पहुँचको अधिकार दिन्छ । धारा १७ को उपधारा (२) (क) ले नागरिकलाई राजनीतिक अधिकार, अभिव्यक्ति-स्वतन्त्रता र राजनीतिक प्रक्रियामा सहभागी हुने अधिकार सुनिश्चित गर्छ । धारा ८४ र ८५ ले संघीय संसद्को निर्वाचनमा नेपाली नागरिकलाई मताधिकार प्रदान गर्छ । विदेश वा भित्र भन्ने कुनै भौगोलिक सीमा संविधानमा उल्लेख छैन । यसको अर्थ– विदेशमा रहेका नेपाली पनि पूर्णरूपमा नेपाली नागरिक हुन् र उनीहरूको मताधिकार रोक्नु संविधानको मर्मविपरीत छ ।

**४० बढी देशमा रहेका ४० लाख युवालाई मताधिकारबाट वञ्चित**

तथ्याङ्कअनुसार करिब ४० लाख युवाहरू विदेशमा रोजगारमा छन् । ५० भन्दा बढी देशमा नेपाली विद्यार्थी, व्यवसायी र पेसेवरहरूको ठूलो उपस्थिति छ । वार्षिक १० खर्बभन्दा बढी रेमिट्यान्स नेपाल आउँछ । देश चलाउन चाहिने अर्थतन्त्र उनीहरूले धानिरहेका छन् । तर राजनीतिक निर्णयमा उनीहरूको आवाज शून्य छ । यो लोकतन्त्रको अपूर्णता हो । भारतमा गैरआवासीय भारतीयले पोस्टल ब्यालेट (हुलाक मतपत्र) वा ई-पोस्टल ब्यालेट ( विद्युतीय हुलाक मतपत्र) मार्फत मतदान गर्ने व्यवस्था छ । अमेरिका, क्यानडा, फ्रान्स जस्ता देशमा विदेशमा बसेकाले अनलाइन वा डिस्ट्यान्ट भोटिङ मार्फत निर्वाचनमा भाग लिन सक्छन् । यी सफल उदाहरणहरूले देखाउँछ कि वैदेशिक मतदाता लोकतान्त्रिक प्रक्रियामा सुरक्षित रूपमा समावेश हुन सक्छन् ।

**विदेशमा बसेकालाई मतदानको अधिकार किन ?**

प्रथमत: लोकतन्त्र समावेशी र सबैका लागि हुनुपर्छ । देशको आर्थिक मेरुदण्ड विदेशमा छन् भने उनीहरूको मत पनि निर्णय प्रक्रियामा हुनैपर्छ । लोकतन्त्र कागजमा मात्र होइन-व्यवहारमा समावेशी हुनुपर्छ ।

दोस्रो- प्रतिभा पलायन (ब्रेन ड्रेन) रोक्ने मनोवैज्ञानिक प्रभाव । देश निर्माणमा आफ्नो आवाजले महत्त्व राख्छ भन्ने अनुभूतिले युवालाई देशसित भावनात्मक रूपमा जोड्छ ।

तेस्रो- विदेशमा रहेका नेपालीहरू राज्यका करदाता (खासगरी अप्रत्यक्ष करदाता) र आर्थिक योगदानकर्ता हुन् । अर्थतन्त्रमा सबैभन्दा ठूलो योगदान गर्ने वर्गलाई निर्णय प्रक्रियाबाट बाहिर राख्नु अन्याय हो ।

भारत, अमेरिका, क्यानडा, फिलिपिन्स, फ्रान्स, इटाली, कोरिया आदि धेरै देशले ओभरसिज भोटिङ अनुमति दिएका छन् । नेपाल भने यो दिशामा ढिलो भइसकेको छ । के नेपालमा पनि अनलाइन भोटिङ सम्भव छ त? छ, तर सत्यनिष्ठा र सुरक्षा अनिवार्य छ ।

नेपालमा अनलाइन भोटिङ सम्भव बनाउन तीन प्रमुख मोडेल अपनाउन सकिन्छ:

(क) दूतावास/वाणिज्य दूतावास मतदान केन्द्र: विदेशमा रहेका नेपालीले दूतावासमा गएर सुरक्षित डिजिटल भोटिङ मेसिनबाट मतदान गर्ने । नेपालका दूतावासहरूमा प्रमाणीकरणका लागि बायोमेट्रिक भेरिफिकेसन र सुरक्षित मतदान टर्मिनल राख्न सकिन्छ । यसको सफल उदाहरणका रूपमा भारत, क्यानडा र अमेरिका वैदेशिक मतदाताका लागि यही मोडेल प्रयोग गर्छन् ।

(ख) हुलाक/अनुपस्थित मतपत्र (पोस्टल/एब्सेन्टी ब्यालेट) : यो पहिचान प्रमाणीकरण (एनआईडी) पछि पोस्टल (हुलाक) मतपत्र घरमै पठाउने मोडेल हो । धेरै देशले यो विधि सुरक्षित रूपमा चलाइरहेका छन् । यसमा मतदाता पहिचान प्रमाणित (एनआईडी/पासपोर्ट) गरेपछि हुलाकमार्फत मतपत्र घर-घरमा पठाइन्छ । यसको सफल उदाहरण: भारतले प्रवासी मतदाताका लागि नियमित रूपले पोस्टल ब्यालेट प्रयोग गर्छ ।

(ग) पूर्ण अनलाइन रिमोट विद्युतीय मतदान): यसमा सुरक्षित, एनक्रिप्टेड, बहु-कारक प्रमाणीकरण (मल्टी-फ्याक्टर अथेन्टिकेसन) सहित अनलाइन प्लेटफर्म प्रयोग गरिन्छ ।

**आवश्यक संरचना**

१. नेशनल आईडी/इलेक्ट्रोनिक केवाईसी आधारित प्रमाणीकरणका लागि नेपालमा हाल सञ्चालनमा आएको नेशनल आईडी सिस्टम (राष्ट्रिय परिचयपत्र प्रणाली) लाई आधार भूत संरचनाका रूपमा अपनाउन सकिन्छ ।
२. वन-टाइम बायोमेट्रिक चेक (एक पटकको जैविक पहिचान जाँच) - मतदाता पहिचान सुनिश्चित गर्न आवश्यक छ ।
३. एण्ड टु एण्ड इन्क्रिप्सन - मतको गोपनीयता सुरक्षित हुनुपर्छ ।
४. ब्लकचेन-बेस्ड भोट इन्टिग्रिटी सिस्टमबाट मतको सुरक्षा र पारदर्शिता सुनिश्चित हुनुपर्छ । र,
५. साइबर सेक्युरिटी कमान्ड सेन्टरबाट निगरानी गरिनुपर्छ । नेपालले हाल साइबर सेक्युरिटी कमान्ड सेन्टर स्थापना गरिसकेको छ ।

सिद्धान्तत: निर्वाचन ऐन, २०७३ र संविधानको धारा १७, ८४/८५ अनुसार प्रत्येक नेपाली नागरिकलाई मतदान अधिकार सुनिश्चित गर्न आवश्यक छ । यसको सफल उदाहरणका रूपमा इस्टोनिया र भारतलाई हेर्दा हुन्छ ।

इस्टोनियामा विश्वको अग्रणी ई-भोटिङ (विद्युतीय मतदान) प्रणाली सन् २००५ देखि पूर्ण रूपमा लागू भएको छ । त्यस्तै, भारतमा एनआरआई (गैरआवासीय भारतीय) का लागि पोस्टल ब्यालेट मार्फत सुरक्षित मतदान हुने गरेको छ ।

**किन तत्काले आवश्यक छ अनलाइन भोटिङ ?**

एक- बढ्दो वैदेशिक रोजगार र जनशक्ति बाहिरिने अवस्थाको राजनीतिक सम्बोधन आवश्यक छ । हरेक वर्ष लाखौं नयाँ युवा विदेश जान्छन् । त्यसैले उनीहरूलाई मतदान गर्न असमर्थ बनाइरहने अवस्था दिगो होइन ।

दोस्रो- यसबाट निर्वाचनको खर्च घट्छ, पारदर्शिता बढ्छ । अनलाइन भोटिङले कागज, प्रिन्ट र ढुवानी खर्च बचतहुन्छ । मतगणनामा छिटो परिणाम आउँछ । मानवीय त्रुटि र धाँधली घट्छ ।

तेस्रो- राजनीतिक प्रतिनिधित्व सन्तुलित हुन्छ । विदेशमा रहेका नेपालीको दृष्टिकोण अनुसार देशको नीतिमा सकारात्मक प्रभाव पार्न सक्छ ।

चौथो- यसबाट राष्ट्रिय पहिचान र नागरिक सहभागिता बढ्छ । विदेशमा रहे पनि "म देशका लागि मत दिइरहेको छु" भन्ने अनुभूति राष्ट्रसँग जोडिने सेतु हो ।

**संविधानअनुसार सरकारले के गर्न सकिन्छ ?**

प्रवासी नेपालीलाई मताधिकार दिनका लागि सरकार गम्भीर बन्न आवश्यक छ । यसका लागि - निर्वाचन ऐनमा ओभरसिज भोटिङ (वैदेशिक मतदान) को स्पष्ट प्रावधान गर्नुपर्छ ।

धारा ८४ र ८५ बाट मताधिकार पाउने हक दिए पनि सञ्चालन विधि ऐनमार्फत निर्धारण गर्नुपर्ने छ । यसका लागि निर्वाचन आयोगले डिजिटल भोटिङ गाइडलाइन (डिजिटल मतदान निर्देशिका) ल्याउनुपर्छ । जसमा सुरक्षा मापदण्ड, डाटा सुरक्षा, प्रमाणीकरण र टेस्टिङ/पाइलट मोडेलहरू पनि पर्न सक्छन् । त्यसैगरी, राष्ट्रिय परिचयपत्र प्रणालीलाई भोटिङसँग एकीकृत गर्नुपर्छ । ई-केवाईसी (विद्युतीय ग्राहक पहिचान) आधारित रिमोट भोटिङ सम्भव बनाउने आधार यही हो । विदेशमा दूतावासमार्फत पाइलट इलेक्सन (नमुना निर्वाचन) सुरु गर्नुपर्छ । यसका लागि- पहिलो चरणमा कतार, यूएई, मलेसिया, कोरिया, जापान र दोस्रो चरणमा युरोप, अमेरिका र अस्ट्रेलियामा लागू गर्न सकिन्छ ।

**निष्कर्ष** :

विदेशमा बसेका नेपालीहरू 'अस्थायी आप्रवासी नागरिक' होइनन् उनीहरू नेपालको भविष्यका सहभागी, योगदानकर्ता र हितैषी हुन् । संविधानले दिएको मताधिकार उनीहरूले पनि बराबरी रूपमा पाउनुपर्छ । नेपालले डिजिटलाइजेसन, राष्ट्रिय पहिचान कार्ड, ई-गभर्नेन्स (विद्युतीय सुशासन), साइबर सुरक्षा संरचना जस्ता आधारभूत प्रणाली तयार गर्दैछ– अब यही प्रणाली प्रयोग गरेर अनलाइन भोटिङ र विदेशी नेपाली मताधिकार कार्यान्वयन गर्न अब ढिला गर्नु नेपालको हितमा छैन । सशक्त लोकतन्त्र सबै नागरिकको सहभागिताबाट निर्माण हुन्छ । विदेशमा बसेकालाई मतदान अधिकार दिनु–देशलाई बलियो बनाउने, समावेशी बनाउने र आधुनिक लोकतन्त्रतर्फ अघि बढाउने ऐतिहासिक कदम हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# राज्यका निकाय सुदृढ नहुँदा देखिने संकट

दीपक रिजाल

नेपालमा पछिल्लो समय देखिएको 'जेनजी आन्दोलन' सधैंझैं क्षणिक विरोध वा सडकको भीडको रूपमा मात्र बुझ्नु गलत हुन्छ । यसको मूलमा एउटा ठूलो प्रश्न छ । के नेपालका राज्यका निकायहरू वर्तमान आवश्यकताअनुसार सक्षम, जिम्मेवार र सुदृढ छन् त ? आन्दोलनका क्रममा भएको अव्यवस्था, विध्वंस र प्रशासनिक भ्रमले यस प्रश्नलाई अझै तीव्र बनाएको छ । नागरिक आज पनि सोधिरहेका छन्- हुनुपर्ने के थियो तर भयो के ? राज्यले स्थापना गरेका संवैधानिक, सुरक्षा, प्रशासनिक र न्यायिक संरचनाहरू समयानुसार आधुनिक र उत्तरदायी नबनेसम्म नागरिकले भोग्नुपर्ने क्षति दीर्घकालसम्म रहिरहन सक्छ । जेनजी आन्दोलनले उठाएको मूल प्रश्न यही हो । राज्य किन कमजोर देखियो ? राज्यका अंगहरूले किन अपेक्षित रूपमा काम गर्न सकेनन् ?

नेपालमा पटक-पटक भएका राजनीतिक परिवर्तन, अस्थिरता र संक्रमणको मोडमा राज्यका निकायहरूले अपेक्षित रूपमा काम गर्न नसक्दा त्यसले सिर्जना गरेको अव्यवस्था समय-समयमा थप जटिल बन्दै गएको छ । राज्यले स्थापना गरेका संवैधानिक, सुरक्षा, प्रशासनिक र सेवा-प्रवाह गर्ने अंगहरू सुदृढ नहुँदा संकटका प्रत्येक चरणमा उनीहरू अलमलिएको देखिन्छ । संस्थागत कमजोरीका कारण हुनुपर्ने के थियो र भयो के ? भन्ने प्रश्न आज हरेक नागरिकको कौतुहलको केन्द्रमा छ ।

विशेष गरी सुरक्षा क्षेत्र, मानव संसाधन, प्रविधि, स्रोत-साधन र आपतकालीन समन्वयका संरचनामा राज्यले पर्याप्त लगानी गर्न नसक्दा छोटो अवरोधले पनि ठूलो संकटको रूप लिने गरेको छ । संवैधानिक रूपमा खडा गरिएका निकायहरूलाई समयानुकूल आधुनिक नबनाइदिँदा, आवश्यक स्रोत-साधन उपलब्ध नगराइदिँदा र तिनको आन्तरिक कार्यप्रणाली बलियो नबनाइदिँदा तिनै संरचनाहरू राज्यको कमजोरीका उदाहरण बन्न पुगेका छन् ।

नेपालको राजनीतिक इतिहास हेर्दा पटक-पटक भएको परिवर्तन, आन्दोलन र संक्रमणका अवधिहरूमा राज्य संरचना अलमलिने, निर्णय प्रक्रियामा द्विविधा पैदा हुने र सुरक्षा संयन्त्र आन्तरिक रूपमा असंगठित हुने समस्या बारम्बार देखिएको छ । यिनै कारणहरूले प्रत्येक संकटलाई थप जटिल बनाएको देखिन्छ । नेपालमा राज्यका निकायहरू चुस्त-दुरुस्त हुनुपर्ने धेरै अवसरहरू आइरहने गरेका छन्, तर कार्यान्वयन पक्ष सधैं कमजोर रहँदै आएको छ ।

मानव संसाधनमा लगानी न्यून, प्रशासनदेखि सुरक्षा निकायसम्मै आवश्यक तालिम, दक्षता, मनोबल र प्राविधिक क्षमताको अभाव देखिन्छ । आधुनिक राज्य सञ्चालनमा प्रविधि मेरुदण्ड हो तर नेपालमा कागजी प्रक्रिया, ढिलासुस्ती र पुरानै कार्यपद्धतिका कारण यसले गति लिन सकेको देखिँदैन । तीन सुरक्षा फौज- नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीबीचको संरचनात्मक समन्वय अझै मजबुत बनिसकेको अवस्था छैन ।

नेतृत्व परिवर्तनसँगै नीति परिवर्तन हुने प्रवृत्तिले संगठनहरूलाई स्थिर हुन दिएको देखिँदैन । यी कमजोरीहरू सामान्य अवस्थामा देखिँदैनन्, तर संकटको क्षणमा एकैपटक सतहमा आउँछन् र राज्यलाई नै अक्षम बनाइदिन्छन् । जेनजी आन्दोलनमा यही दृश्य देखियो । प्रशासन त्यसै आत्तिएको, सुरक्षा संयन्त्र अनिर्णयमा र राजनीतिक नेतृत्व मौन वा विभाजित हुँदा राज्यले ठूलो जनधनको क्षति व्यहोर्नुपरेको थियो ।

नेपालका लागि अझ बढी महत्वपूर्ण सिकाइ सुडानबाट आउँछ । त्यहाँ र्‍यापिट सर्पोट फोर्स (आरएसएफ) र सुडानी आर्म फोर्स (एसएएफ) बीचको कडा द्वन्द्व आज विश्वकै एक भीषण मानवीय संकट बनेको छ । यसको मूल कारण भने सरल छ । राज्यले आफ्ना दुई सुरक्षा संरचनालाई एकीकृत गर्न सकेन, नियन्त्रण गर्न सकेन र तिनको आन्तरिक प्रतिस्पर्धा रोक्न सकेन, जसका कारण दुई समूहको भीडन्तमा परेर सन् २०२३ देखि अहिलेसम्म ४० हजार नागरिकले ज्यान गुमाइसकेका छन् ।

**के भयो सुडानमा ?**

संयुक्त राष्ट्रसंघका अधिकांश संरचनाहरू बन्द भएपछि सुरक्षा पूर्णरूपमा शून्य भयो । दुवै पक्षले आफ्नो नियन्त्रण विस्तार गर्न युद्ध शुरु गरे । बस्ती, बजार, अस्पताल, विद्यालय सबै युद्धभूमि बने । दर्जनौं नागरिक दैनिक मारिन थाले भने सयौं घाइते भए । पानी, खाना, औषधिजस्ता आधारभूत वस्तु नपाएर लाखौं मानिस विस्थापित भए ।

विश्लेषकहरू भन्छन्- यदि सुडानी राष्ट्रपतिले आरआरएफ र एसएएफलाई समयमै एकीकृत गरेर एकल राष्ट्रिय सेना बनाएको भए यो संकट उत्पन्नै हुँदैनथ्यो । सुडानको यस्तो भयावह उदाहरणले विश्वलाई स्पष्ट गरिदिएको छ । त्यो हो कमजोर राज्य संरचनाले देशलाई युद्धतिर लैजान सक्छ ।

त्यसैले राज्यले आफ्ना आधारभूत संरचनालाई समयमा नै समयसापेक्ष बनाउन सक्नुपर्दछ । कसको जिम्मेवारी के हो ? त्यही अनुरुप जिम्मेवारी दिन सक्नुपर्दछ । जिम्मेवारी दिएर मात्र राज्यको दायित्व पूरा हुँदैन, उनीहरुलाई चाहिने हरप्रकारको सुविधा उपलब्ध गराउन सक्नुपर्दछ ।

**नेपालका लागि ठूलो पाठ**

नेपाल सुडानजस्तो अवस्थातिर जान्छ भन्ने होइन, तर राज्य संरचनाको कमजोरीले कस्तो परिणाम दिन सक्छ भन्ने चेतावनी भने सुडानले स्पष्ट देखाइदिएको छ । नेपालमा तीन सुरक्षा फौज छन् । नेपाल सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल यी सबैले आ-आफ्नो भूमिकाबारे एकदमै स्पष्ट, अनुशासित र समन्वित हुनुपर्छ । राज्यले उनीहरूलाई आधुनिक बनाउने, प्रविधियुक्त बनाउने, आवश्यक बजेट सुनिश्चित गर्ने, यी सबै जिम्मेवारी पूरा गर्नै पर्छ । अन्यथा क्षणिक राजनीतिक विवादले पनि गम्भीर सुरक्षा संकट निम्त्याउन सक्छ । यसबाहेक निजामती सेवा पनि उत्तिकै महत्वपूर्ण छ । नेपालमा प्रशासन नै राज्य सञ्चालनको मेरुदण्ड हो । यदि प्रशासन ढिलो, अस्थिर र अनुत्तरदायी छ भने लोकतन्त्र मात्र होइन, विकास-व्यवस्था दुवै तहसनहस हुन सक्छ ।

कुनै पनि संस्थाको अर्थ राज्यले बनाएको संरचना मात्र होइन, यसको आत्मा भनेको स्वधर्म हो । आफ्नो जिम्मेवारी इमानदारीका साथ पूरा गर्नु, कानुनले दिएको सीमा नाघ्न नखोज्नु, नागरिकप्रतिको उत्तरदायित्व बिर्सिनु नहुने र राज्यले दिएको भूमिकामा सर्वोत्तम दक्षता प्रदर्शन गर्नुपर्ने टड्कारो आवश्यकता देखिएको छ । नेपालका धेरै निकाय एवं संरचना त छन्, तर स्वधर्म निभाउने संस्कार दुर्बल छ । यही कारणले प्रत्येक आन्दोलन, संकट, राजनीतिक संक्रमण वा प्रशासनिक अव्यवस्थामा ती निकायहरू तुरुन्तै हच्किन्छन् ।

नेपालले जेनजी आन्दोलन, सुडान संकट र आफ्नै विगतका अनुभवबाट तीन ठूला पाठ सिक्नै पर्ने देखिन्छ । ती हुन्- संस्थागत क्षमता निर्माणमा दीर्घकालीन लगानी, मानव संसाधन, प्रविधि, तालिम र मनोबल । यी सबै क्षेत्रमा दीर्घकालीन योजना, सुरक्षा फौजबीच संरचनात्मक र नीतिगत समन्वय, स्पष्ट अधिकार क्षेत्र, कमान्ड संरचना र आपतकालीन प्रतिक्रिया प्रणाली हुनुपर्छ । यी सबै आधुनिक राज्यका मूल आधार हुन् । प्रशासनिक सुधारलाई प्राथमिक राष्ट्रिय एजेन्डा बनाउनुपर्छ । निजामती सेवा सुधारविना सुशासन सम्भव छैन ।

उत्तरदायित्व र पारदर्शिता बढाउन आधुनिक प्रणाली लागू गर्नुपर्ने बेला आइसकेको छ ।जेनजी आन्दोलनले एउटा यस्तो प्रश्न उठायो, जसलाई बेवास्ता गर्न अब राज्यले सक्दैन । अहिले एउटा प्रश्न खडा भएको छ । तिमीले बनाएका निकाय कति सक्षम छन् ? सुडानले देखाइदिएको छ- कमजोर संरचनाले राष्ट्रलाई कसरी युद्धमा फसाउन सक्छ । नेपालका विगतका घटनाले देखाइसकेको छ । संकटका समयमा राज्य स्वयं अलमलिन सक्छ । नागरिक आज पनि भन्दै छन्- अब संरचना बलियो बनाऊ, जिम्मेवारीमा कठोर बनाऊ र संस्थालाई समयानुकूल बनाऊ । राज्यले यदि यिनै पाठ आत्मसात् गर्दै अगाडि बढ्यो भने मात्र नेपालले स्थिरता, सुशासन र सुरक्षित भविष्यको अनुभूति गर्न सक्छ । अन्यथा हरेक आन्दोलन, हरेक संकट, हरेक अव्यवस्थामा उही प्रश्न दोहोरिन्छ- हुनुपर्ने के थियो, भयो के ?

राज्यका निकायहरू बलियो, पारदर्शी, उत्तरदायी र समयानुकूल नबनेसम्म देशले स्थिरता, सुशासन र सुरक्षित वातावरणको अनुभूति गर्न सक्दैन । त्यसैले आजको मूल बहस संस्थागत सुधार, स्रोत-साधनको उपलब्धता, सक्षम नेतृत्व र सुरक्षा-प्रशासनिक समन्वयको पुनर्संरचनामा केन्द्रित हुनुपर्छ । राज्य सुदृढ भए नागरिक सुरक्षित हुन्छन् । संस्था कमजोर भए देश नै संकटमा पर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# खेलकुद 'मेगा इभेन्ट'ले आतिथ्य उद्योग गदगद




काठमाडौं/समकालीन नेपाली खेलकुदको सबैभन्दा ठूलो प्रतियोगिताका रूपमा स्थापित 'नेपाल प्रिमियर लिग' (एनपीएल) शनिबार समापन भएको छ । ८ फ्रेन्चाइज टोली सहभागी यो प्रतियोगितामा अर्बौंको कारोबार भएको अनुमान गर्न सकिन्छ । त्यसमध्ये प्रत्यक्ष लाभ लिएको एक क्षेत्र हो- आतिथ्य उद्योग ।

८ टोलीले आफ्ना खेलाडी, प्रशिक्षक र अन्य सपोर्ट स्टाफलाई प्रतियोगिता अवधिभरि तारे होटलमा राखे । प्रतियोगितामा भाग लिएका टिममात्र होइन, प्रसारण अधिकार पाएको स्टार स्पोर्ट्सले समेत प्राविधिक सहित आफ्नो ठूलो टोलीलाई होटलमा राख्यो । होटल एसोसिएसन नेपाल (हान) अध्यक्ष विनायक शाहका अनुसार जसरी खेलप्रेमीबीच एनपीएल एक ठूलो मेला वा पर्व हो, त्यसले आतिथ्य सेवालाई पनि उत्साहित बनाएको छ ।

'स्वाभाविक रूपमा यति ठूलो इभेन्टले मैदान आसपास चटपटे, पानी र बदाम बेच्नेदेखि पाँचतारे होटलसम्मलाई लाभ हुन्छ,' उनी भन्छन्, 'लगातार दुई वर्षको सफलताले नेपालको आतिथ्य सेवा खेलकुदका मेगा इभेन्ट आयोजनामा सक्षम छ भन्ने पुष्टि गरेको छ ।' यस्ता इभेन्ट आयोजना हुँदा ठूला होटलमा प्रत्यक्ष व्यापार बढेको देखिने भए पनि त्यससँग जोडिने सबैजसो क्षेत्र एकसाथ चलायमान हुने उनी बताउँछन् ।

'कृषकको उपजले बजार पाउँछ, व्यापारीको व्यापार बढ्छ,' उनी भन्छन्, 'सडकदेखि हवाईजहाज कम्पनीसम्मको बिजनेस चलायमान हुन्छ ।' एनपीएल चल्दाचल्दै नेपालमा दक्षिण एसियाली फुटबल महासंघ (साफ) महिला क्लब च्याम्पियनसिप आयोजना भइरहेको छ । जसमा नेपालको एपीएफदेखि ५ देशका क्लबले भाग लिएका छन् । १९ मंसिरदेखि ५ पुससम्म चल्ने यस प्रतियोगितामा नेपाल सहित भारत, बंगलादेश, भुटान र पाकिस्तान महिला लिग च्याम्पियन क्लब सहभागी छन् ।

प्रत्येक टोलीले लिग चरणमा चार खेल खेल्ने गरी प्रतियोगिता भइरहेको छ । यो प्रतियोगिताका कारण समेत तारे होटलले थप व्यापार पाइरहेका छन् । नेपाली खेलकुदमा निकट भविष्यमा अर्को मेगा इभेन्ट आयोजना हुँदैछ । आगामी १२ जनवरीदेखि १ फेब्रुअरीमा 'आईसीसी महिला टी-२० विश्वकप ग्लोबल क्वालिफायर' नेपालले आयोजना गर्दैछ । यस प्रतियोगितामा १० टोली सहभागी हुँदैछन् । यस प्रतियोगिताबाट शीर्ष चारमा रहने टोली जुन २०२६ मा इङ्ल्यान्डमा आयोजना हुने महिला टी-२० विश्वकपमा सहभागी हुनेछन् । २० दिन भन्दा लामो समय १० टोलीले आफ्नो टिमलाई नेपालका ठूला होटलमा राख्नेछन् । यस इभेन्टका लागि पनि व्यवसायी उत्साहित रहेको हान अध्यक्ष शाह बताउँछन् ।

'नेपालको आतिथ्य सेवा जुनसुकै स्तरको सेवा दिन तयार छ, क्षमता पनि छ,' उनी भन्छन्, 'अब बढिभन्दा बढी इभेन्टका लागि सरोकारवालाले पहल गर्नुपर्छ ।'

**विदेशी खेलाडी-नेपाली पर्यटनका अघोषित "ब्रान्ड एम्बेसडर"**

खेलकुद प्रतियोगितामा सहभागी सबैजसो विदेशी खेलाडी नेपाली पर्यटनका अघोषित 'ब्रान्ड एम्बेसडर' हुन् । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपकराज जोशी चर्चित खेलाडीको एक 'सोसल साइट पोस्ट' ले ठूलो रकम खर्च गर्दा पनि सम्भव नहुने विज्ञापनसरह काम गर्ने बताउँछन् । स्पोर्ट्स इभेन्टले मुख्यतया तीन क्षेत्रमा ठूलो योगदान गर्ने उनी बताउँछन् । एक त स्थानीय अर्थतन्त्र चलायमान बनाउने र रोजगारी सिर्जनामा योगदान दिने उनको भनाइ छ ।

दोस्रो, नेपाल ठूला इभेन्ट आयोजनामा सक्षम कसरी हुने भनेर सिकाइको काम गर्छ । तेस्रो, नेपाली खाना, गन्तव्य, होटल र पर्यटनको विदेशमा प्रचार हुने उनको भनाइ छ । सोहीकारण पर्यटन बोर्डले समेत स्पोर्ट्स इभेन्टलाई सहयोग र प्रवर्द्धन गरिरहेको सीईओ जोशीले बताए ।

**स्थानीय राजनीतिक गतिविधिबाट अपेक्षा**

२३ र २४ भदौको जेनजी आन्दोलन क्रममा आन्दोलनकारीको तारोमा परेको क्षेत्रमध्ये एक पर्यटन पूर्वाधार (होटल/केबुलकार) पनि थियो । यसले दीर्घकालीन असर गर्ने चिन्ता व्यवसायीमा थियो । तर, छोटो समयमै पर्यटन लयमा फर्किएको छ । पर्यटक आगमन समेत उत्साहजनक छ । यसबीच मुलुक भित्रका अन्य राजनीतिक गतिविधिबाट समेत पर्यटन र आतिथ्य सेवालाई सहयोग नै पुगेको छ ।

अहिले नेकपा एमालेको महाधिवेशन काठमाडौंमा जारी छ । यसमा भाग लिन देशका सबै जिल्लाका प्रतिनिधि काठमाडौंमा आएका छन् । यसले अफ सिजनमा यातायात र विशेषगरी साना तथा मझौला होटल र रेस्टुरेन्टलाई ठूलो फाइदा पुग्ने व्यवसायी बताउँछन् । त्यस्तै सरकारले आगामी २१ फागुनमा प्रतिनिधिसभा निर्वाचनको मिति तोकेको छ । निर्वाचनले समेत साना व्यवसायी र सडक तथा हवाई यातायातमा सकारात्मक असर गर्छ । तर, नेपाल सहित दक्षिण एसियामा हुने निर्वाचनका बेला अन्तर्राष्ट्रिय पर्यटकमा भने राम्रो छाप नरहेको हान अध्यक्ष शाह बताउँछन् । 'जुलुस, झडप, आन्दोलन जस्ता गतिविधि बढी हुने भएकाले निर्वाचनको छाप राम्रो छैन,' उनी भन्छन् ।

**अंग्रेजी नयाँ वर्षले पनि ल्याउँदैछ बहार**

आतिथ्य उद्योगलाई नजिकिएको अंग्रेजी नयाँ वर्षले समेत उत्साहित बनाउँदै छ । काठमाडौंको ठमेलदेखि पोखरा, चितवन, धरान सहित गन्तव्यमा यस अवसरमा आन्तरिक पर्यटकको घुइँचो लाग्छ । अंग्रेजी नयाँ वर्षसँगै पोखरालाई 'ह्यापेनिङ प्लेस' का रूपमा स्थापित गराउन अधिकतम इभेन्टमा जोड दिन थालिएको पर्यटन बोर्ड पोखराका प्रमुख मणिराज लामिछाने बताउँछन् ।

'तथ्यांकले अहिले भारतीय र चिनियाँ पर्यटक घटिरहेको देखाउँछ,' उनी भन्छन्, 'यसको सबैभन्दा ठूलो असर पोखराको पर्यटनमा पर्छ, त्यसकारण हामी पोखरालाई इभेन्टका माध्यमबाट थप चलायमान बनाउने योजनामा छौं ।' एनपीएल सुरु हुनुभन्दा अगाडि नेपथ्यको कन्सर्ट पोखरामा आयोजना गरिएको थियो । यो कन्सर्टमा भाग लिन हजारौं युवायुवती पोखरा पुगेका थिए । संगीत, खेल र पर्यटनलाई कसरी एक साथ जोड्न सकिन्छ भन्ने यो गतिलो उदाहरण बनेको उनको भनाइ छ । अहिले अंग्रेजी नयाँ वर्षसँगै देशभरि मेला महोत्सव आयोजना हुँदैछन् । त्यसले आतिथ्य सेवामा सकारात्मक प्रभाव पार्ने हानको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# शहीदस्मारक प्रिमियर लिगको उपाधि नवलपुरलाई




साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ शहीदस्मारक प्रिमियर लिगको उपाधि नवलपुर टाइटन्सले जितेको छ । फाइनल खेलमा गोल्फिन्टार किंग्सलाई ८ विकेटको पराजित गर्दै नवलपुरले उपाधि जितेको हो ।

८८ रनको लक्ष्य पाएको नवलपुरले १० ओभरमा २ विकेट गुमाएर भेट्टायो । उपाधिसँगै नवलपुरले ५० हजार नगदसहित ट्रफी प्राप्त गरेका छन् भने उपबिजेता बनेको किंग्सले नगद २५ हजार सहित ट्रफी प्राप्त गरे । नवलपुरको जितमा प्रजयराज रिजालले आक्रामक ब्याटिङ गर्दै २३ बलमा ४० रन बनाए । त्यसैगरी कप्तान असीम श्रेष्ठले पनि २९ बलमा ४१ रन बनाएर टोलीलाई जितसम्म पुऱ्याए । त्यसअघि टस जितेर ब्याटिङ रोजेको गोल्फिन्टार किंग्सले १९ दशमलब ४ ओभरमा सबै विकेट गुमाएर मात्र ८७ रनको सामान्य योगफल तयार पारेको थियो ।

किंग्सका लागि कप्तान नवीले सर्वाधिक ३६ रन बनाए भने सरोजले ३४ रनको योगदान दिए । नवलपुरका बलर असीम श्रेष्ठले घातक बलिङ गर्दै ४ ओभरमा १७ रन दिएर ५ महत्वपूर्ण विकेट लिए । फाइनल खेलको प्लेयर अफ द म्याच अलराउण्ड प्रदर्शन गरेका नवलपुरका कप्तान असिम श्रेष्ठ घोषित भए । उनले ५ विकेट लिनुको साथै ४१ रन पनि बनाएका थिए । वागेश्वरी टोल विकास संस्थाको आयोजनामा हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीको खेलमैदानमा मंसिर २० गतेदेखि प्रतियोगिता सुरु भएको हो ।

# 'कुमारी'को पोस्टरमा प्रेम र आत्मीयताको झलक




काठमाडौं/प्रणय दिवस (भ्यालेनटाइन डे)को छेको पारेर माघ २३ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'कुमारी'को नयाँ पोस्टर सार्वजनिक गरिएको छ । फिल्मका मुख्य जोडी अभिषेक खड्का र आकृति राजभण्डारीलाई प्रसन्न मुद्रामा प्रस्तुत गरिएको पोस्टरले फिल्म प्रेमकथामा आधारित रहेको स्पष्ट पार्छ । पोस्टरमा उनीहरूको प्रेम र आत्मीयता झल्किएको छ ।

पोस्टर सार्वजनिकसँगै फिल्मको नयाँ गीत 'तिमी बिना'को रिलिज मिति पनि घोषणा गरिएको छ । निर्माण पक्षका अनुसार उक्त गीत पुष ३ गते सार्वजनिक गरिनेछ । यसअघि फिल्ममा समावेश 'कता छौ मेरो फूल' बोलको गीत सार्वजनिक भइसकेको छ । गायक केहर सिंह लिम्बूको स्वर रहेको यस गीतलाई दर्शकले रुचाएका छन् ।

दिनेश राउतको निर्देशनमा बनेको फिल्ममा अभिषेक र आकृति सहित घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने, मनषा शर्मा लगायतका कलाकारहरूको पनि अभिनय रहेको छ । निर्देशक राउतले 'क्लासिक'पछि लभस्टोरी कथामा 'कुमारी' बनाएका हुन् । यसैले फिल्मप्रति दर्शकमा उच्च अपेक्षा देखिन्छ ।

बिनिश इन्टरटेन्मेन्ट, पिक्चर फ्रेम र केन्द्र मोसन पिक्चर्सको सहकार्यमा निर्माण भएको यस फिल्मका निर्माता महेन्द्र अधिकारी हुन् । केदार भुसाल कार्यकारी निर्मातामा छन् । फिल्ममा विकास सुवेदीको लेखन रहेको छ भने सुसन प्रजापतिको छायांकन, उत्तम न्यौपानेको साउन्ड डिजाइन, सुप्रिम पराजुलीको सम्पादन तथा किरण थापा र शिशिर खातीको कोरियोग्राफी छ ।

# 'झरिपछिको इन्द्रेणी': पुराना र नयाँ पुस्ताको संगम

काठमाडौं/हास्य कलाकार अर्जुन घिमिरे (पाँडे)को निर्देशनमा बनेको फिल्म 'झरि पछिको इन्द्रेणी'मा पुराना र नयाँ पुस्ताका कलाकारहरूको समिश्रण देख्न पाइन्छ ।

फिल्म क्षेत्रमा अग्लो कद बनाएका गणेश उप्रेतीदेखि जेनजी पुस्ताकी प्रियना आचार्य (मुन्नी)सम्मले यस फिल्ममा अभिनय गरेका छन् । यसैले फिल्मप्रति दर्शकमा उत्सुकता, चासो र अपेक्षा बढेको देखिन्छ ।

गणेश दुई दशकअघिका लोकप्रिय कलाकार हुन् । टेलिसिरियल हुँदै उनले ५० भन्दा बढी फिल्ममा अभिनय गरेका छन् । 'भाग्य रेखा', 'लक्ष्मी पूजा', 'ए मेरो हजुर' जस्ता फिल्म उनका यादगार मानिन्छन् । लामो समयदेखि अमेरिकामा बस्दै आएका उनले 'झरिपछिको इन्द्रेणी'बाट ९ वर्षपछि कमब्याक गरेका हुन् । यसैले उनलाई पर्दामा हेर्न 'जेन एक्स' पुस्ता अधैर्य देखिन्छ ।

फिल्ममा अघिल्लो पुस्ताका सुपरस्टार रमेश उप्रेतीको पनि मुख्य भूमिका छ । फिल्ममा उनी करिब ७ वर्षपछि देखिन लागेका हुन् । उनको अभिनयले फिल्म अझ प्रभावशाली बनेको अनुमान गर्न सकिन्छ ।

अभिनेत्री दीपाश्री निरौला पनि यही फिल्ममार्फत दर्शकसँग भेट गर्दैछिन् । निर्मल शर्मा, प्रकाश घिमिरे जस्ता पुराना पुस्ताका कलाकारको पनि फिल्ममा महत्वपूर्ण भूमिका छ ।

नयाँ पुस्तातर्फ फिल्ममा मुन्नीको रुपमा दर्शकमाझ परिचित प्रियना आचार्यसहित विमोचन दवाडी र जेसिका पोखरेलले अभिनय गरेका छन् । विमोचन र जेसिका दुवैको यो डेब्यु फिल्म हो । जेसिका दीपाश्रीकी बहिनीकी छोरी हुन् । फिल्ममा निर्देशक घिमिरे स्वयंको पनि अभिनय रहेकाले दर्शकलाई रोमाञ्चक अनुभव हुने अपेक्षा गरिएको छ ।

देशको वर्तमान राजनीतिक अस्थिरता, त्यसले जनतामा पारेको प्रभाव, र नयाँ पुस्ताका युवाहरूको आकांक्षा र आक्रोशलाई मुख्य कथावस्तु बनाइएको यस फिल्ममा सरिता गिरी, देशभक्त खनाल, कृष्ण शिवाकोटी, कृष्णभक्त महर्जन, अंशु महर्जन लगायतको पनि अभिनय रहेको छ । पुष ४ गतेदेखि प्रदर्शन हुन लागेको फिल्ममा अनिशा सेन्दाङ लिम्बू निर्मातामा छिन् ।

# १ महिनाभित्र योजना आयोगको पदाधिकारी नियुक्त गर्नुपर्ने बाध्यतामा सरकार

काठमाडौं/राष्ट्रिय योजना आयोग तीन महिनादेखि नेतृत्वविहीन छ । भदौ २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामासँगै स्वत: रिक्त भएका आयोगका उपाध्यक्ष तथा सदस्यहरूको नियुक्ति हुन नसक्दा आयोग नेतृत्वविहीन भएको हो । नयाँ सरकार बनेपछि आयोगका उपाध्यक्ष तथा सदस्यको नयाँ नियुक्ति गर्नुपर्ने भएपनि यसमा प्रधानमन्त्रीको प्राथमिकता देखिएको छैन । कर्मचारीहरु भने नयाँ नेतृत्व चयन गर्न दबाब दिँदै आएका छन् ।

अहिले आयोगमा सचिव हरिलाल पन्थलाई उपाध्यक्षको समेत नियमित काम गर्नेगरी जिम्मेवारी तोकिएको छ । उनले आयोगको सचिवको हैसियतले गर्नुपर्ने कामका अतिरिक्त उपाध्यक्षले गर्नुपर्ने नियमित बैठकका काम गर्दै आएका छन् । आयोगमा अहिले एक उपाध्यक्ष र ६ जना सदस्य नियुक्त गर्ने व्यवस्था छ । सदस्यहरुलाई आर्थिक व्यवस्थापन, पूर्वाधार, अनुगमन तथा मूल्यांकन, उत्पादन तथा श्रम सम्बन्ध, सामाजिक विकास र प्रशासन महाशाखा जिम्मेवारी तोक्ने गरिएको छ । अहिले उपाध्यक्षको जिम्मा आयोगको सचिव र सम्बन्धित महाशाखाको जिम्मा सहसचिवहरुलाई दिइँदै आएको आयोगका प्रवक्ता हरिशरण पुडासैनीले जानकारी दिए ।

**बजेटको मुखमा आयोगले के गर्नुपर्छ काम ?**

खासगरी चालु आर्थिक वर्षको बजेट पास भइसकेको र नयाँ आर्थिक वर्षको बजेट आउने समय भइनसकेकाले यो अवधिसम्म दैनिक प्रशासनिक बाहेक आयोगको धेरै ठुलो काम थिएन । तर बजेट निर्माणको काम सुरु भएसँगै आयोगका पदाधिकारीको रिक्तता महसुस गर्न थालिएको छ । समपूरक अनुदान र विशेष अनुदान कार्यविधि बमोजिम आगामी आर्थिक वर्षका लागि यस्ता अनुदानको लागि मंसिर मसान्तभित्र आवेदन आह्वान गर्नुपर्ने मिति तोकिएको छ । यो बजेटका आयोगले गर्ने सुरुवाती काम पनि हो ।

कार्यविधि अनुसार समपूरक अनुदानका लागि गाउँपालिका र नगरपालिकाले एकदेखि ७ करोडसम्म, उपमहानगरपालिका र महानगरपालिका ३ देखि १५ करोडसम्म र प्रदेशलाई १० देखि ३० करोडसम्म तथा विशेष अनुदानका लागि गाउँपालिका र नगरपालिकाले २५ लाखदेखि २ करोडसम्म, उपमहानगरपालिका र महानगर पालिका २५ लाखदेखि ५ करोडसम्म र प्रदेशलाई ५ देखि १० करोड रुपैयाँसम्मको परियोजना प्रस्ताव गरेर पठाउनुपर्छ । यसरी प्राप्त हुने प्रस्तावलाई आयोगले सर्टलिस्टिङ गरेर सिफारिस गर्नुपर्छ ।




त्यस्तै नयाँ आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना निर्माणको काम पनि सामान्यतया मंसिर महिनादेखि नै सुरु हुन्छ । यसलाई राष्ट्रिय योजनासँग बजेटलाई जोड्ने पुलको रुपमा हेरिन्छ । आगामी तीन वर्षको बजेटको अनुमान गरिने यो खर्च संरचनामा आयोजनाको प्राथमिकीकरण समेत गरिन्छ । यी सबै काम माघ १५ भित्र गरिसक्नुपर्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनले व्यवस्था गरेको छ । त्यस्तै सोही ऐनले नयाँ आर्थिक वर्षको बजेटका लागि स्रोतको अनुमान गरी मन्त्रालयगत खर्चको सिलिङ निर्धारण गर्नुपर्ने अवधि समेत माघ १५ सम्मलाई तोकेको छ ।

आयोगमा पदाधिकारी रिक्त रहेको अवस्थामा यी सबै काम अहिलेकै कर्मचारी नेतृत्वबाट पनि हुन सक्थ्यो । तर यसमा ऐनकै एउटा व्यवस्थाले रोकेको देखिन्छ । ऐनको दफा ७ को उपदफा २ मा यस्तो स्रोत अनुमान आयोगका उपाध्यक्षकै नेतृत्वमा हुनुपर्ने प्रष्ट व्याख्या गरिएको छ । बजेटको प्रारम्भिक सिलिङ निर्धारण गरी मन्त्रालयलाई पठाउनुअघि नै यस्तो अनुमान गरिसक्नुपर्ने र कानुनी बाध्यता समेत रहेका कारण माघ १५ भन्दा स्रोत अनुमान ढिला गर्नसक्ने अवस्था रहेको देखिँदैन । यसका लागि पूर्वतयारी समेत गर्नुपर्ने भएकाले कम्तीमा १५ दिनअघि आयोगका पदाधिकारी आवश्यक हुने आयोगका उच्च कर्मचारीहरु बताउँछन् । यो अवस्थामा पुस मसान्तसम्म राष्ट्रिय योजना आयोगको नेतृत्व चयन गर्नैपर्ने बाध्यता रहेको उनीहरुको भनाइ छ ।

**पुससम्म "बाटो फुकाउन" प्रधानमन्त्रीलाई ध्यानाकर्षण**

प्रधानमन्त्री सुशीला कार्कीले अहिले आयोगका सचिव र विलाल पन्थलाई उपाध्यक्षको समेत काम गर्नेगरी जिम्मेवारी दिएकी छन् । यस अनुसार उनले आयोगभित्र उपाध्यक्षले गर्ने दैनिक प्रशासनिक काम समेत गरिरहेका छन् । तर उनी आफैं प्रधानमन्त्रीलाई उपाध्यक्षको नियुक्तिका लागि आग्रह गर्दै आएका छन् । बजेटको प्रक्रियाका लागि पदाधिकारी नियुक्त हुनुपर्ने कानुनी व्यवस्था रहेकाले यो अनिवार्य भएको उनको भनाइ छ ।

'अहिले आयोगको नियमित आन्तरिक बैठक रोकिएका छैनन्, प्रधानमन्त्रीज्यूले दिनुभएको अख्तियारी बमोजिम मैले नै यसको नेतृत्व गरि रहेको छु,' सचिव पन्थ भन्छन्, 'स्रोत अनुमान समितिको बैठक बस्न उपाध्यक्ष नै चाहिने व्यवस्था रहको सम्बन्धमा प्रधानमन्त्रीलाई ध्यानाकर्षण गराएको छु । कम्तीमा पुस महिनाभरिमा उपाध्यक्ष नियुक्ति गरिसक्नुपर्छ, होइन भने यो काम पनि सचिवबाटै हुनेगरी कानुनी व्यवस्थामा सुधार गर्नुपर्छ । तर यो समयभित्र मिलाउनु पर्छ भनेर आग्रह गरेको छु ।'

आयोगकै पूर्व उपाध्यक्ष मीनबहादुर श्रेष्ठ पनि आयोगमा पदाधिकारीको आवश्यकता कानुनी र कार्यगत दुवै रहेको बताउँछन् । बजेट तर्जुमाको समयमा यी पदाधिकारी अझै अत्यावश्यक रहेको भन्दै कानुनी आधारबिना सचिव वा कर्मचारी संयन्त्रले मात्र बजेटको सिलिङ तोक्ने वा योजना छनोट गर्ने काम गर्दा भोलि कानुनी प्रश्न उठ्ने सम्भावना रहेको उनको भनाइ छ ।

*(स्रोत: रातोपाटी)*

# ई-७ भिसामार्फत कोरियामा सिपयुक्त कामदार पठाउने कार्यविधि फुकुवा

काठमाडौं/'दक्षिण कोरियामा सिपयुक्त कामदार (ई-७ भिसा) पठाउने सम्बन्धी कार्यविधि, २०८०' मा लगाइएको रोक फुकुवा भएको छ । उच्च अदालत पाटनको आदेशपछि वैदेशिक रोजगार विभागले कार्यविधिमा तत्कालका लागि लगाएको रोक फुकुवा गरेको हो ।

विभागले भदौ ३१ गते एक सूचना जारी गर्दै कार्यविधिको कार्यान्वयन तत्कालका लागि रोकिएको जनाएको थियो । त्यसका विरुद्धमा परेको रिट निवेदनमा उच्च अदालतले रोक लगाउने सूचना कार्यान्वयन नगर्न/नगराउन आदेश जारी गरेको थियो ।

अदालतको आदेशपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले कात्तिक २४ गते परिपत्र गर्दै भदौ ३१ को सूचना कार्यान्वयन नगर्न भनेको थियो ।

अदालतको आदेश जारी भएसँगै कार्यविधि कार्यान्वयनको चरणमा पुगेको छ । श्रम मन्त्रालयले ई-७ भिसामार्फत सिपयुक्त कामदार पठाउन 'दक्षिण कोरियामा सिपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८०' जारी गरेको थियो ।

विभागका निर्देशक टिकाराम ढकालले अदालतको आदेशपछि मन्त्रालयले गरेको परिपत्रका आधारमा भदौ ३१ को सूचना फिर्ता लिइएको बताए । विभागले एक सूचना जारी गर्दै उच्च अदालत पाटनको असोज ३१ को आदेश र श्रम मन्त्रालयको कात्तिक २४ को पत्रानुसार भदौ ३१ को सूचना कार्यान्वयन नगर्नु भनी आदेश प्राप्त भएकाले सो पत्रको कार्यान्वयन नहुने उल्लेख गरेको छ ।

मन्त्रालयले कार्यविधि जारी गरेर ई-७ भिसामार्फत कोरियामा सिपयुक्त कामदार पठाउने प्रक्रिया अघि बढेको थियो । श्रम मन्त्रालयले म्यानपावर कम्पनी मार्फत सिपयुक्त कामदार पठाउन पाउनेगरी कार्यविधि जारी गरेको थियो ।

त्यसलगत्तै कोरियास्थित नेपाली दूतावासलाई समेत मागपत्र प्रमाणीकरण गर्न परिपत्र गरिएको थियो । मन्त्रालयको परिपत्रपछि दूतावासले मागपत्र प्रमाणीकरण सुचारु भएको जनाएको थियो ।

सरकारको उक्त निर्णयका विरुद्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । अख्तियारले कार्यविधि कार्यान्वयन नगर्न निर्देशन दिएको थियो । त्यसपछि विभागले कार्यविधि तत्कालका लागि रोकिएको भन्दै सूचना जारी गरेको थियो ।

विभागको उक्त सूचनाका विरुद्धमा व्यवसायीहरू अदालत पुगेका थिए । सोही रिट निवेदनमा उच्चले पत्र कार्यान्वयन नगर्नु/नगराउनु भन्ने आदेश दिएको थियो ।

विभागका निर्देशक ढकालले अदालतको आदेशपछि विभागले जारी गरेको पत्र कार्यान्वयन रोकिएको बताए । कामदार पठाउने बाटो खुले वा नखुलेको विषयमा भने मन्त्रालय र विभाग अनविज्ञ देखिएका छन् ।

हाल कोरियाले दुई तरिकाले विदेशी कामदार भित्र्याउने गरेको छ । कोरियन भाषा परीक्षा (ईपीएस) मार्फत विश्वभरका १७ देशबाट कामदार लैजाने गरेको छ । ईपीएसमार्फत कामदार लैजाने देशहरूबाट नै कोरियाले ई-७ भिसामार्फत सिपयुक्त कामदार समेत लैजाने गरेको छ । नेपालबाट समेत ई-७ भिसामार्फत कामदार पठाउने गरी श्रम मन्त्रालयले कार्यविधि बनाएको थियो । तर, उक्त कार्यविधिका कारण ईपीएस प्रणालीलाई असर पर्ने भन्दै चौतर्फी विरोध समेत भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स**

हेटौंडा-२, कान्तिराजपथ

९८४५०२२९८१

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# राईगाउँ खानेपानी उपभोक्ता समितिको १० औं वार्षिक भेला सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/पूर्वी मकवानपुरको बागमती गाउँपालिका-१ अन्तर्गत सञ्चालनमा रहेको राईगाउँ १,२ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको १० औं वार्षिक भेला शनिबार भव्यरुपमा सम्पन्न भएको छ ।

भेला बागमती गाउँपालिका वडा नम्बर १ स्थित माझगाउँ सम्झना बजारमा आयोजना गरिएको हो । भेलामा आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति तथा वित्तीय प्रतिवेदन समितिका सचिव राजकुमार राईले प्रस्तुत गरेका थिए । संस्थाको सम्पत्ति विवरण, हालसम्म भएका कार्यहरु, प्राप्त उपलब्धि तथा बाँकी योजनासम्बन्धी विस्तृत प्रतिवेदन अध्यक्ष भीमकुमार राईले पेश गरेका थिए । भेलाले खानेपानी सेवा प्रणालीलाई थप व्यवस्थित, दिगो र सेवाग्राहीमैत्री बनाउने उद्देश्यसहित महत्वपूर्ण नीति तथा व्यवस्थापकीय प्रस्ताव पारित गरेको छ ।

पारित प्रस्तावमा ग्राहक नम्बर प्लेट लेखन तथा अभिलेखीकरण प्रणाली लागू गर्ने, सडक विस्तार हुने क्षेत्रमा पाइपलाइन व्यवस्थापन तथा समन्वय सुदृढ गर्ने, व्यक्तिगत तथा संस्थागत निर्माणकार्यका क्रममा खानेपानी पाइपलाइनमा क्षति पुऱ्याएमा क्षतिपूर्ति तिर्ने स्पष्ट नियम बनाउने, धारामा जडान गरिएका पानी मिटरलाई सुरक्षित बनाउने व्यवस्था मिलाउने तथा कर्मचारीको तलबवृद्धि गर्ने विषय समेटिएका छन् । समितिले २०८१ फागुन महिनादेखि खानेपानी महसुल अनलाइन माध्यमबाट भुक्तानी गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइसकेको जानकारी भेलामा गराएको छ । यस व्यवस्थाले सेवाग्राहीलाई सहजता र पारदर्शिता बढाउने अपेक्षा गरिएको छ ।



कार्यक्रममा सहभागी उपभोक्ताले खानेपानी सेवासम्बन्धी उठाएका प्रश्न, जिज्ञासा र सुझाव माथि खुला अन्तरक्रिया तथा छलफल गरिएको थियो । अध्यक्ष राईका अनुसार हाल वडा नं. १ अन्तर्गत ४ सय ८ घरधुरी खानेपानी सेवाग्राही रहेका छन् भने सेवा क्षेत्रभित्रका ९२ घरधुरीमा अझै धारा जडान गर्न बाँकी छ । आगामी दिनमा सेवा विस्तार गर्दै गुर्दुमक्षेत्रका बासिन्दामा खानेपानी धारा जडान गर्ने योजना रहेको उनले बताए । हाल समितिले १ लाख लिटर र ५० हजार लिटर क्षमताका दुईवटा खानेपानी ट्यांकी निर्माण गरिसकेको छ ।

तर, बढ्दो जनसंख्या र उपभोक्ताको मागलाई मध्यनजर गर्दै थप २ लाख ५० हजार लिटर क्षमताको ट्यांकी निर्माण अपरिहार्य रहेको अध्यक्ष राईले बताए । ट्यांकी चालु आर्थिक वर्षमै निर्माण सुरु गरी आवश्यक बजेट सुनिश्चित भएमा यही वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । ट्यांकी निर्माण सम्पन्न भएपछि उपभोक्तालाई पर्याप्त मात्रामा नियमित दैनिक पानी वितरण गर्न सकिने अध्यक्ष राईले विश्वास व्यक्त गरे । हाल उपभोक्तालाई बिहान एक समय मात्र पानी वितरण हुँदै आएको छ ।

कार्यक्रममा देवकुमारी बिक, आशमान राई, वीरबहादुर राई, राजकुमार राई, कृष्णबहादुर राई, आनन्द राई लगायतका अतिथिले खानेपानी तथा सरसफाइ सेवाको महत्व, उपभोक्ता समितिको भूमिका र आगामी चुनौतीका विषयमा धारणा राखेका थिए । आगामी कार्ययोजनाअन्तर्गत समितिले २ लाख ५० हजार लिटर क्षमताको खानेपानी ट्यांकी निर्माण, कार्यालय भवन निर्माण, जेनेरेटर सिस्टम जडान, रामपुरदेखि गुर्दुमसम्म पाइपलाइन विस्तार, बाँकी उपभोक्तामा धारा जडान, तथा परियोजना हस्तान्तरण कार्य सम्पन्न गर्नुपर्ने प्रस्ताव भेलामा अघि सारेको छ ।

संस्थाका अध्यक्ष राईको सभाध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण सचिव राजकुमार राईले गरेका थिए । भेलामा बोटगाउँ, माझगाउँ, बन्जरे, करौंजे र रामपुरका उपभोक्ताको उपस्थिति रहेको थियो ।

## चुनावको मितिमा दाँयाबाँया नहुने गरी सम्पूर्ण ध्यान केन्द्रित गर्न सरकारलाई सुझाव

# राष्ट्रिय सुरक्षा परिषद्को प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश



साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेल समक्ष पेश गरिएको छ ।

आईतवार शीतलनिवासमा आयोजित विशेष कार्यक्रममा अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा प्रतिवेदन बुझाइएको हो । राष्ट्रपति पौडेललाई भेटेर प्रधानमन्त्री कार्कीले नेपालको संविधानको धारा २६६ को उपधारा (३) बमोजिम राष्ट्रिय सुरक्षा परिषद्को प्रतिवेदन औपचारिकरुपमा हस्तान्तरण गरिन् । कार्यक्रममा सुरक्षा निकायका उच्चअधिकारीहरुको पनि सहभागिता रहेको थियो । राष्ट्रपति पौडेलले प्रतिवेदन ग्रहण गर्दै राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउन सरकारको प्रयासको प्रशंसा गरे । उनले प्रतिनिधिसभाको फागुन २१ गतेको निर्वाचनको मितिमा दाँयाबाँया नहुने गरी सम्पूर्ण ध्यान चुनावमा केन्द्रित गर्न सरकारलाई सुझाव दिए ।

राष्ट्रपति पौडेलले सो चुनावलाई प्रभावित नुहने गरी काम गर्न पनि सरकारलाई सुझाव दिए । राष्ट्रपति पौडेलले अघिपछि भन्दा अत्यन्त तदारुकताका साथ सुरक्षा व्यवस्थामा ध्यान दिन नेपाली सेनासहितका सुरक्षा निकायलाई निर्देशन दिए । प्रतिवेदनमा नेपालको समसामयिक सुरक्षा अवस्था, सीमा सुरक्षा, आन्तरिक शान्ति, सुव्यवस्था तथा राष्ट्रिय हितसँग सम्बन्धित विषय समेटिएको छ । अन्तरिम सरकारले सुरक्षा चुनौतीलाई सम्बोधन गर्दै राष्ट्रिय सुरक्षा नीतिलाई प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गरेको छ ।

# राष्ट्रिय मावि अक्षयकोषमा १० लाख सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ पश्चिम मकवानपुरको मनहरी-६ मा रहेको सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहले गरिब तथा विपन्न उपभोक्ता र विभिन्न संघसंस्थालाई लक्षित गर्दै खाट, सिलाइ मेसिन तथा अक्षयकोषमा सहयोग हस्तान्तरण गरेको छ ।

वन समूहको सभाहलमा आयोजित कार्यक्रममा चालु आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रमअन्तर्गत गरिबी निवारण तथा महिला सशक्तीकरण शीर्षकमा विनियोजित बजेट कार्यान्वयन गर्दै सहयोग वितरण गरिएको हो । वन समूहका सचिव रमेश कार्कीका अनुसार, कार्यक्रममा २ जना महिलालाई स्वरोजगारमा टेवा पुग्ने उद्देश्यले सिलाइकटाइ मेसिन प्रदान गरिएको छ । गरिबीका कारण जाडो मौसममा भुइँमै सुत्नबाध्य ४५ परिवारलाई काठबाट निर्मित खाट वितरण गरिएको छ ।

शिक्षाक्षेत्रतर्फ मनहरी-६ स्थित राष्ट्रिय माध्यमिक विद्यालय सुनाचुरीले स्थापना गरेको अक्षयकोषमा थप १० लाख रुपैयाँ सहयोग प्रदान गरिएको छ ।

यसअघि पनि वन समूहले सोही विद्यालयको अक्षयकोष स्थापनाका लागि १० लाख रुपैयाँ सहयोग गरिसकेको थियो । स्वास्थ्यक्षेत्रतर्फ पुष्पलाल आधारभूत स्वास्थ्य केन्द्रअन्तर्गत आमा समूह सञ्चालनका लागि ५० हजार रुपैयाँ सहयोग गरिएको छ । बृहत् जोगिताल खानेपानी आयोजनालाई २ लाख रुपैयाँ प्रदान गरिएको छ । मनहरी गाउँपालिकासँगको साझेदारीमा जनजागृति दुग्ध उत्पादक संस्थामार्फत उपभोक्तालाई बाछी वितरण गर्न १ लाख रुपैयाँ हस्तान्तरण गर्ने विषयमा सम्झौता पनि गरिएको वन समूहले जनाएको छ ।

डिभिजन वन कार्यालय राप्ती मनहरीका प्रमुख हेम थापाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा मनहरी-६ का वडाअध्यक्ष युवराज थपलिया, मनहरी सबडिभिजन वन कार्यालयका वनअधिकृत डटेन्द्र गोले, राष्ट्रिय मावि सुनाचुरीका विद्यालय व्यवस्थापन समिति अध्यक्ष शिवलाल मुक्तान, प्रधानाध्यापक सुवास श्रेष्ठलगायतको उपस्थिति रहेको थियो । वन समूहका अध्यक्ष पार्वती मुक्तानको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव रमेश कार्कीले गरेका थिए ।

# पशुपतिनाथ माविका बालबालिकालाई संरक्षण शिक्षा



साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ वन्यजन्तु र मानवबीचको द्वन्द्व न्यूनीकरण गर्नका लागि विद्यालयका बालबालिकालाई संरक्षण शिक्षा प्रदान गरिएको छ । बालबालिका मार्फत् समुदायमा सूचनाप्रवाह गर्न सहज हुने भएकोले यस प्रकारको कार्यक्रम गरिएको बताइएको छ ।

पशुपतिनाथ मावि मनहरी-४ मसिनेमा पर्सा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको टोलीले बालबालिलाई संरक्षण शिक्षा प्रदान गरेको हो । विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष माधव गौतमको अध्यक्षता र मध्यपृतना मुख्यालयका पृतनापति कर्णेल सरोज कोइरालाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा पर्सा वन्यजन्तु आरक्ष मध्यवर्ती क्षेत्र लामिटार सेक्टर गणबाट गणपति पूर्णचन्द्र अर्याल, मनहरी-४ का वडाअध्यक्ष प्रकाश थापा, विद्यालयका प्रधानाध्यापक सपना लामा, विब्यस पूर्बअध्यक्षद्वय पवन खडका र बालमुकुन्द ढकाल, विद्यालयका अभिभावक र विद्यार्थीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा लेफ्टीनेन्ट नीराजन केसीले राष्ट्रिय निकुञ्ज, वनजंगल, जनावर तथा प्राकृतिक सम्पदाको महत्व, निकुञ्जसम्बन्धी नेपालको कानुन, जंगली जनावरको आक्रमणबाट बच्ने उपाय, जंगली जनावरबाट भएको क्षतिको मागदाबी गर्ने तरिका र नेपाली सेनाको भूमिकाको बारेमा बिस्तृतरुपमा प्रष्ट पारेका थिए । पशुपतिनाथ मावि पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेको विद्यालय हो र यो विद्यालय वरपर हरेक वर्ष जंगली जनावर हात्ती, गैंडा, बाघ, चितुवा आएर स्थानीयलाई दुख दिने गरेको छ ।

## विधान संशोधन गरी १० औं महाधिवेशनकै कमिटीमा फर्कियो एमाले

# युवालाई ५ प्रतिशतमात्र कोटा

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ नेकपा (एमाले)ले १०औं महाधिवेशनकै कमिटीअनुसार पार्टी संरचना निर्माण गर्ने भएको छ । काठमाडौंको भृकुटी मण्डपमा जारी एघारौं महाधिवेशनबको बन्दसत्रबाट पार्टीले यो प्रश्ताव पारित गरेको पार्टीकी सचिव पद्मा अर्यालले जानकारी दिइन् ।



उनले अध्यक्ष केपी शर्मा ओलीले अध्यक्षता गरिरहेको बन्दसत्रको हलबाट १९ पदाधिकारी र ३०१ जनाको केन्द्रीय कमिटी चयन गरिने बताइन् । उनका अनुसार एकजना अध्यक्ष, तीनजना उपाध्यक्ष, एकजना महासचिव, तीनजना उपमहासचिव र नौजना सचिव गरी १९ सदस्यीय पार्टी पदाधिकारी निर्वाचित हुनेछन् । त्यसैगरी केन्दीय कमिटीको एक तिहाई सदस्यलाई समावेश गरेर पार्टीको पोलिटब्युरो निर्माण गरिने उनले जानकारी दिइन् । पोलिटब्युरो सदस्यको एक तिहाईबाट स्थायी कमिटी निर्माण गरिने अर्यालले जानकारी दिइन् ।

पार्टीले महाधिवेशनमा युवाको झन्डै ५ प्रतिशत कोटा छुट्याएको छ । युवालाई छुट्याएको क्लस्टरअनुसार भूगोल र गैरभूगोल गरी हरेक प्रदेशबाट एकएक जना रहेका छन् । यसैगरी खुलातर्फ २ जना, जनजाति आदिवासीतर्फ २ जना, मधेसीतर्फ २ जना, दलिततर्फ एक गरी १५ जना कोटा छुट्याइएको छ । महाधिवेशनका लागि केन्द्रीय निर्वाचन आयोगले निर्वाचन कार्यतालिका सार्वजनिक गरेको छ । निर्वाचन आयोगका केन्द्रीय अध्यक्ष डा. विजय सुब्बाले निर्वाचन कार्यतालिका सार्वजनिक गरेका हुन् ।

जस अनुसार, सोमबार बिहान ७ बजेबाट निर्वाचन कार्यक्रम सुरु हुनेछ । कार्यतालिकाअनुसार, मंगलबार बिहान ७ बजे मतदाता नामावली प्रकाशन गरिनेछ । सोहीदिन ८ बजेदेखि ९ बजेसम्म मतदाता नामावलीमा दाबीविरोध, साढे ९ बजे दाबीविरोधको सूचना प्रकाशन, १० बजे दाबीविरोधउपर छानबीन हुनेछ । सवा १० बजे अन्तिम मतदाता नामावली प्रकाशन गरिने कार्यतालिकामा उल्लेख छ । मंगलबार दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारको नाम फिर्ता गर्ने कार्यतालिका छ । उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने जनाइएको छ । पुस १ गते ११ देखि ५ बजेसम्म मतदान हुने कार्यतालिका तय भएको छ ।

# हेटौंडामा घर भत्काउने क्रममा तीनजना कामदार घाइते

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१ पिपलबोटस्थित उद्योग वाणिज्य संघ अगाडि रहेको एक घर भत्काउने क्रममा तीनजना कामदार घाइते भएका छन् ।

आइतबार दिउँसो करिब ३:५० बजे बिकी जैसवालको घर आफैंले कामदार लगाई भत्काउने क्रममा दुर्घटनामा परि तीनजना घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । घटनामा घाइते भएका तीनै जनालाई स्थानीयको सहयोगमा प्रहरीले उद्दार गरी उपचारका लागि अस्पताल पठाएको छ । घाइते हुनेहरुमा मकवानपुरगढी गाउँपालिका-१ रानिसेराका २२ वर्षीय सन्तोष ब्लोन,



उदयपुर गाईघाट नगरपालिका-९ का २६ वर्षीय दिनेश चौधरी र उदयपुर बेलका नगरपालिका-१ पुरन्दाका ३० वर्षीय अरुण चौधरी रहेका छन् ।

सन्तोष र दिनेशको मकवानपुर सहकारी अस्पतालमा र अरुणको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ ।

तीनै जनाको शरीरका विभिन्न भागमा चोट लागेको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

## म्यान मकवानपुरको पशिचमीक्षेत्रको अध्यक्षमा मुक्तान चयन

साझाकुरा संवाददाता

हेटौंडा, २८ मंसिर/ मोवाइल एशोसिएसन अफ नेपाल मकवानपुरको पश्चिमीक्षेत्र समितिको अध्यक्षमा रुद्र मुक्तान चयन भएका छन् ।

८ औं वार्षिक साधारण सभा तथा चौथो अधिवेसनले मुक्तानको नेतृत्वमा नयाँ समिति चयन भएको हो । उनी यसअघि महासचिव थिए । समितिको वरिष्ठ उपाध्यक्षमा सौगात श्रेष्ठ, उपाध्यक्षमा एनिश कर्माचार्य, महासचिव वीरु लामा, सचिवमा सुवास भट्ट, कोषाध्यक्ष निरोज रिमाल चयन भएका छन् । समितिको सदस्यहरुमा पुजन श्रेष्ठ, इसाक प्रजा, रोशन श्रेष्ठ चयन भएका छन् । समितिको सल्लाहकारमा हिमशिखर ब्लोन, पुष्कर श्रेष्ठ र कृष्णराम श्रेष्ठ मनोनित गरिएको छ ।

एशोसिएसनका अध्यक्ष हिमशिखर ब्लोनको अध्यक्षतामा भएको सभामा मउवासंघ पशिचमीक्षेत्र समितिका अध्यक्ष गणेशमान मानन्धरको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा म्यान मकवानपुरका अध्यक्ष हरिप्रसाद न्यौपाने, पश्चिमी क्षेत्रका संस्थापक अध्यक्ष चन्द्रमणि पाठक, महासचिव मिलन स्याङ्तान, सचिव सुमन रायमाझी, तयारी पोसाक व्यवसायी संघ मनहरीका अध्यक्ष गोविन्द अधिकारी, होटल व्यवसायी संघ मनहरीका सचिव मिरा मल्ल लगायतको आतिथ्यता रहेको थियो ।

**जनहितमा जारी सूचना**

तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद लगायतका घटनाहरु समयमै सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउन हुन समस्त वडाबासीमा अनुरोध गर्दछौं ।

हेटौंडा उपमहानगरपालिका
८ नं. वडा कार्यालय
हेटौंडा, कमाने, मकवानपुर

**सडक दुर्घटनाबाट बचौं र बचाऔं ।**

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं.
- ट्राफिक नियम पालना गरौं,
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

*सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।*

हेटौडा उपमहानगरपालिका
१७ नं. वडा कार्यालय
हटिया, हेटौंडा, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना